गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः १८ | मितिः २०७८/०८/१४


**भाग- २**

**गण्डकी गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गण्डकी गाउँपालिकाले गण्डकी गाउँपालिका एकल पुरुष/लैङ्गिक अल्पसंख्यक सामाजिक सुरक्षा भत्ता सञ्चालन कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गण्डकी गाउँपालिका

## एकल पुरुष/लैंगिक अल्पसंख्यक सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७८

प्रमाणिकरण मिति: २०७८।०८।१४

## प्रस्तावना

गण्डकी गाउँपालिका अन्तर्गत रहेका एकल पुरुष तथा लैंगिक अल्पसंख्यक नागरिकको सामाजिक सुरक्षा र लैगिक समानता सुनिश्चित गर्ने उद्देश्यले गण्डकी गाउँपालिकाले यो कार्यविधी जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कायविधीको नाम : एकल पुरुष/लैंगिक अल्पसंख्यक सामाजिक सुरक्षा भत्ता संचालन कार्य विधि २०७८ रहनेछ ।

ख) यो कार्यविधी गण्डकी गाउँपालिकाको  स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

ग) समिति भन्नाले एकल पुरुष/लैंगिक अल्पसंख्यक सुचिकृत छनौट समिति सम्झनु पर्छ ।

घ) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ छ

**२. परिभाषा**

क) 'गाउँपालिका' भन्नाले गण्डकी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झन पर्छ ।

ख) 'कार्यालय' भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) 'एकल पुरुष' भन्नालृे ६० वर्ष भन्दा माथिका जीवनमा एकपटक पनि विवाह नभएका पुरुषलाई सम्झिनु

पर्छ ।

घ) 'शाखा' भन्नाले गण्डकी गाउँपालिका सामाजिक सुरक्षा शाखा सम्झनु पर्छ ।

ङ) लैंगिक अल्पसंख्यक भन्नाले तेस्रो लिंगी भनेर बुझ्नु पर्छ ।

# परिच्छेद २
# उद्देश्यहरु

## ३. उदेश्य

क) गण्डकी गाउँपालिकाले लिएको सामाजिक सुरक्षा कार्यक्रमको विद्यमान नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न ।

ख) एकल पुरुष र लैंगिक अल्पसंख्यकको दैनिक जीवन यापन सहज बनाउनु ।

ग) सामाजिक सुरक्षा कार्याक्रमलाई थप प्रभापकारी बनाउन ।

# परिच्छेद ३
# कार्यक्रम संचालन विधि

## ४. कार्यक्रम संचालन सम्वधी व्यवस्था

**क) लक्षित वर्ग :** गण्डकी गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने सबै एकल र लैंगिक अल्पसंख्यक नागरिकहरु ।

ख) कार्यक्रम संचालन अनुसुची बमोजिम गण्डकी गाउँपालिकाका सबै वडाहरुले २० दिनको म्याद राखी सूचना प्रकाशन गरिनेछ वा स्थानीय पत्रपत्रिका स्थानीय रेडियो एफ.एम. र सामाजिक सञ्जाल वेवसाइडहरुबाट सूचना प्रबाह गरिनेछ ।

ग) यस सामाजिक सूरक्षा कार्यक्रमबाट लाभग्राही सुचीमा रहन रीतपुर्वका तोकिएको समयावधी भित्र सम्वन्धित वडामा निवेदन पेश गर्नु पर्नेछ ।

घ) वडा कार्यालयमा सम्वन्धित ब्यक्तिले दिने निवेदनको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

# अनुसूची -१

निवेदकले सूचीकृत गरिपाउँ भनी सम्वन्धित वडा कार्यालयमा दिनु पर्ने ढाँचा र संलग्न  गर्नु पर्ने कागजातहरु

मिति : ..............................

श्री गण्डकी गाउँपालिका,

वडा नं .....कार्यालय, गोरखा ।

फोटो

विषय : सुचिकृत गरिपाउँ ।

महोदय,

उपरोक्त विषमा गण्डकी गाउँपालिक वडा नं .....(साविक .................गा.वि.स.वडा नं ..........गाउँ/टोल ..............वस्ने .................को नाती...........को छोरा, जन्म मिति....................भएको वर्ष ...............को म....................आजको मिति सम्म अविवाहित रहेको हुँदा तहाँ कार्यालयमा एकल पुरुषको सूचीमा सूचीकृत गरिदिन हुन निवेदन पेश गरेको छु ।

निवेदक

नाम थर :............

स्थायी ठेगाना :......

सम्पर्क नं ...........

हस्ताक्षर :............

संलग्न कागजातहरु :

१. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी थान -१

२. हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो थान -३

ङ) यसपछि सम्वन्धित वडा कार्यालयले निवेदकको ब्यहोरा बमोजिम सत्यतथ्य जाँचवुझ गरि ठहर भएमा नियमानुसार सामाजिक सुरक्षा सुविधाको लागि एकल पुरुषको रुपमा सूचीकृत गर्नु पर्नेछ ।

च) सूचीकृत ब्यक्तिको सोही प्रकारको फोटो थान -१ टाँस प्रमाणित गरि नियमानुसारको सेवा सुविधाको लागि गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

**छ) गाउँकार्यपालिकामा एकल पुरुषले दिने निवेदनको ढाँचा अनुसूची -२ बमोजिम हुनेछ ।**

# अनुसूची -२

गाउँकार्यपालिकामा एकल पुरुषले दिने निवेदनको ढाँचा

मिति : ...............................

श्री गण्डकी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, भुम्लीचोक गोरखा ।

फोटो

विषय : सुचिकृत गरिपाउँ ।

महोदय,

उपरोक्त विषमा गण्डकी गाउँपालिक वडा नं .....(साविक ..................गा.वि.स.वडा नं ..........गाउँ/टोल ...............वस्ने ..................को नाती...........को छोरा, जन्म मिति....................भएको वर्ष ................को म....................आजको मिति सम्म अविवाहित रहेको हुँदा तहाँ कार्यालयमा एकल पुरुषको सूचीमा सूचीकृत गरिदिन हुन निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु :

१. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी थान -१

निवेदक

नाम थर :............

स्थायी ठेगाना :.......

सम्पर्क नं ............

हस्ताक्षर :.............

**लैगिक अल्पसंख्यकले वडा कार्यालयमा दिने निवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।**

## अनुसूची -३

निवेदकले सूचीकृत गरिपाउँ भनी सम्वन्धित वडा कार्यालयमा दिनु पर्ने ढाँचा र संलग्न  गर्नु पर्ने कागजातहरु

मिति : ..............................

श्री गण्डकी गाउँपालिका,

वडा नं. .....कार्यालय, गोरखा ।

फोटो

विषय : सुचिकृत गरिपाउँ ।

महोदय,

उपरोक्त विषमा गण्डकी गाउँपालिक वडा नं. .....(साविक .................गा.वि.स.वडा नं. ..........गाउँ/टोल ..............वस्ने .................को नाती/नातिनी ...........को छोरा/छोरी, जन्म मिति....................भएको वर्ष ...............को म.................... लैगिक अल्पसंख्यक भएको हुँदा तहाँ कार्यालयमा लैंगिक अल्पसंख्यकको रुपमा  सूचीमा सूचीकृत गरिदिन हुन निवेदन पेश गरेको छु ।

निवेदक

नाम थर :............

स्थायी ठेगाना :......

सम्पर्क नं. ...........

हस्ताक्षर :............

संलग्न कागजातहरु :

१. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी थान -१

२. हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो थान -३

**छ) गाउँकार्यपालिकामा  लैंगिक अल्पसंख्यकले दिने निवेदनको ढाँचा अनुसूची -४ बमोजिम हुनेछ ।**

# अनुसूची -४

गाउँकार्यपालिकामा  लैगिक अल्पसंख्यक दिने निवेदनको ढाँचा

मिति : ..............................

श्री गण्डकी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, भुम्लीचोक गोरखा ।

फोटो

विषय : सुचिकृत गरिपाउँ ।

महोदय,

उपरोक्त विषमा गण्डकी गाउँपालिक वडा नं .....(साविक .................गा.वि.स.वडा नं ..........गाउँ/टोल ...............वस्ने ..................को नाती/नातिनी............को छोरा/छोरी, जन्म मिति.....................भएको वर्ष ................को म..................... लैगिक अल्पसंख्यक भएको  हुँदा तहाँ कार्यालयमा एकल पुरुषको सूचीमा सूचीकृत गरिदिन हुन निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु :

१. नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी थान -१

निवेदक

नाम थर :............

स्थायी ठेगाना :.......

सम्पर्क नं ...........

हस्ताक्षर :............

आज्ञाले,

नामः जित वहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत